भजनी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

भजनी, कैलाली

सुदुरपस्चिम प्रदेश, नेपाल

visit Nepal 2020 Lifetime Experiences

प.स. :-२०७६/०७७ मिति:- २०७६/११/०५

च.न.:- १०४९

विषय :- विद्यार्थी दिवा खाजा कार्यक्रम कार्यान्वियन गर्ने सम्वन्धि सूचना ।

श्री :- भजनी नगरपालिका आन्तार्गतका सम्पूर्ण सामुदायिक विद्यालयहरु तथा बा.वि. केन्द्रहरु

आर्थिक वर्ष २०७६/०७७ को स्वीकृत कार्यक्रम र यस नगरपालिकाको विद्यालय दिवा खाजा व्यबस्थापन उपसमिनिको मिति २०७६/१०/०६को बैठकको निर्णय आनुसार समुदायिक बिद्यालयमा प्रारम्भिक बालशिक्षा देखि कक्षा ५ सम्मका विद्यार्थीहरुलाई विद्यालयमा दिवा खाजा खुवाउने सन्दर्भमा यस कार्यालयबाट विद्यालयलाई निकासा भएको अनुदान रकमबाट देहायको कार्यविधि अपनाई मिति २०७६ पुस १५ (आर्थिक वर्ष ०७६/०७७ कार्यन्वयन हुनेमा मात्र ) गते देखि विद्यार्थीहरुलाई दिवा खाजा खुवाउने व्यवस्था मिलाउन हुन् सुचित गरिन्छ । दिवा खाजा सम्बन्धि आवश्यक पर्ने फारमहरु यस कार्यालयको वेवसाइट www.bhajanimun.gov.np बाट प्राप्त गर्न सकिने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

<u>विद्यार्थी दिवा खाजा कार्यक्रम कार्यान्वियन गर्ने सम्वन्धि निर्देशन</u>

१. स्थानीय तह (भजनी नगरपालीका नगरकार्यपालिकाको कार्यालय) ले प्रति विद्यार्थी प्रत्ति दिन रु. १५ का दरले हुन आउने रकम बिद्यालयको खातामा निकासा दिने ।

२. यसरी निकाशा हुने रकम सामुदायिक विद्यालयमा बालविकास कक्षा देखि ५ काक्षा सम्म अध्ययनरत विद्यार्थी संख्या आनुसार एक आर्थिक वर्षमा बढीमा गत बर्ष देखि संचालनमा रहेकालाई १८० दिन (परीक्षाको दिन समेत) तथा आर्थिक वर्ष ०७६/०७७ कार्यन्वयन हुनेका १४० दिनको लागि रकम निकाशा हुने ।

३. विद्यालयले अभिभावक आमाहरुको भेला बोलाई बालबालिकाको खाजामा आवश्यक पर्ने मात्र, स्वच्छता र पोशाक तत्वका बारेमा जानकारी गराउने ।

४. विद्यालयले मासिक रुपमा तोकिएको रकम विद्यार्थीका सम्बन्धित अभिभावक आमा (आमा नभएमा निजको खाजा व्यवस्था गर्ने परिवारको सदस्य) लाई उपलब्ध गराई भरपाई लिने ।

५. अभिभावक आमाले घरबाटै पोपिलो खाजा तयार गरि होतकेश वा खाजा को गुणस्तर नबिग्रने टिफिन बट्टामा राखी पठाउने । सम्भब भए सम्म हप्ताको प्रत्येक दिन खाजा को प्रकार फरक फरक हुदा उपयुक्त हुने चाउचाउ, बिस्कुट वा जङ्कफुड कुनै हालतमा पनि नपठाउने ।

६. विद्यालयमा सम्वन्धित कक्षा शिक्षकले बलबलिकाहरुको खाजाको अनुगमन गरी रुजु हाजिरी र खाजा उपलब्धताको मासिक प्रतिबेदन तयार गरी प्रधानाध्यापकबाट प्रमाणित गराउने ।

७. कक्षा शिक्षकबाट प्राप्त मासिक प्रतिबेदनका आधारमा प्रधानाध्यापकले दिवा खाजाका लागि खर्च भएको रकम हिसाव गरी आगामी चौमासिक अवधिका लागि आवश्यक रकमका लागि नगरपालिकाको शिक्षा शाखामा पेश गर्ने । रकम माग गर्दा अभिभावक आमाहरुले रकम बुझेको भरपाईको प्रतिलिपि समेत संग्लग्न राख्ने ।

८. विद्यालय व्यवस्थापन समिति र शिक्षक आभिभावक आमाहरुलाई सक्रिय राख्ने, कार्यक्रमको समिक्षा गर्ने, समस्या समाधानका लागि आवश्यक उपाय अबलम्वन गर्ने ।

९. नगरपालिकाबाट आवश्यकता आनुसार अनुगमन निरीक्षण मार्फत सुधारका क्षेत्र पहिचान गरी सुझाब उपलब्ध गराउने ।

१०. हप्ताका ६ दिनका लागि विद्यार्थीको दिवा खाजाका प्रकार देहाय बमोजिम हुन सक्नेछन :-

I. भुटेको मकै, भटमास र तरकारी

II. जाउलो (चामल, चना, कालोदाल, हरियो साग )

III. भुटेको चिउरा, अण्डा

IV. पुरी/रोटी तरकारी

V. खिचिड़ी

VI. च्याख्ला (मकै, आलु, चना, भिंडी आदिबाट तयार पारिने )

VII. मौसम अनुसारको फलफुल

हरिराम चौधरी

नि. प्रमुख प्रशासकीय अधिकृत